लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, प्रशासन, पाँचौं, सहायक "क" पदको आन्तरिक प्रतियोगितात्मक

लिखित परीक्षा

२०८०।०३।२१

**KEY [C]**

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट | पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, गणित र कार्यालय व्यवस्थापन

> उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **mobile** प्रयोग गर्न पाइनेछैन । प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## वस्तुगत

### खण्ड "क"

<u>वस्तुगत बहुउत्तर</u> २५×१=२५ अङ्क

1. एशियाली विकास बैंकको प्रधान कार्यालय कुन देशमा रहेको छ?
   A) जापान B) चीन C) फिलिपिन्स D) इण्डोनेशिया
2. 'शैलेन्द्र महर्जन' के सँग सम्बन्धित व्यक्ति हुन्?
   A) कम्प्यूटर प्रोग्रामर B) चरित्र अभिनेता
   C) सार्क सचिवालय सदस्य D) लोगो डिजाइनर
3. सार्क कृषि सूचना केन्द्र कहाँ रहेको छ?
   A) ढाका B) काठमाडौं C) कोलम्बो D) नयाँदिल्ली
4. नेपाल बीमा प्राधिकरण सञ्चालक समितिमा कति जना पदाधिकारी रहने व्यवस्था छ?
   A) ५ B) ६ C) ७ D) ९
5. आधुनिक जीवन बीमाको शुरूवात कहिलेदेखि भएको हो?
   A) १४ औं शताब्दी B) १५ औं शताब्दी C) १६ औं शताब्दी D) १७ औं शताब्दी
6. AIRDC का पूर्ण सदस्य संख्या (Full Member) कति छन्?
   A) १०४ B) १०८ C) ११२ D) ११६
7. राष्ट्रिय बीमा संस्थानले प्रत्येक वर्ष कुन दिन आफ्नो वार्षिक उत्सव मनाउने गरेको छ?
   A) पुस १ गते B) फागुन ११ गते C) फागुन ७ गते D) वैशाख १ गते
8. राष्ट्रिय बीमा संस्थानको आ.व. ०७८/७९ को ओभरअल सञ्चालन नाफा कति प्रतिशत रहेको छ?
   A) ३७.६५ B) ३८.६५ C) ३९.६४ D) ४०.६४
9. उच्च अदालतको न्यायाधीश कति वर्ष उमेरसम्म बहाल रहन पाउने व्यवस्था छ?
   A) ५८ B) ६० C) ६३ D) ६५
10. नेपालको संविधानअनुसार नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्ने विषय कुन नीतिअन्तर्गत पर्दछ?
    A) श्रम तथा रोजगारसम्बन्धी नीति
    B) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति
    C) विकाससम्बन्धी नीति
    D) सामाजिक न्यायसम्बन्धी नीति
11. नेपालको संविधानअनुसार राष्ट्रिय सभाको सदस्य हुन कति वर्ष उमेर पूरा भएको हुनुपर्छ?
    A) २५ B) ३० C) ३५ D) ४०
12. नेपालको संविधानअनुसार प्रदेश प्रमुखको नियुक्ति कसले गर्ने व्यवस्था छ?
    A) राष्ट्रपति B) प्रधानमन्त्री C) प्रधानन्यायाधीश D) मुख्यमन्त्री

क्रमशः

CamScanner

13. नेपालमा राष्ट्रिय विज्ञान दिवस कहिले मनाइन्छ?
    A) वैशाख १ B) असार १ C) भदौ १ D) असोज १
14. नेपालको पहिलो राष्ट्रिय निकुञ्ज कुन हो?
    A) रारा राष्ट्रिय निकुञ्ज B) चितवन राष्ट्रिय निकुञ्ज
    C) बर्दिया राष्ट्रिय निकुञ्ज D) सगरमाथा राष्ट्रिय निकुञ्ज
15. सबैभन्दा बढी वनक्षेत्र भएको प्रदेश तलका मध्ये कुन हो?
    A) कोशी B) मधेश C) लुम्बिनी D) गण्डकी
16. सत्यवती ताल कुन जिल्लामा रहेको छ?
    A) कास्की B) रसुवा C) पाल्पा D) चितवन
17. 'महारानी' उपन्यासका लेखक को हुन्?
    A) नयनराज पाण्डे B) चन्द्रप्रकाश बाँनिया C) सरूभक्त D) कृष्ण धरावासी
18. पन्ध्रौं योजनाको दीर्घकालीन सोंचको परिमाणात्मक लक्ष्यहरूमा तलका मध्ये कुन गलत छ?
    A) प्रतिव्यक्ति आय - ११,२०० अमेरिकी डलर B) औषत आयू - ८० वर्ष
    C) जिनी गुणक - ०.२५ % D) प्रतिव्यक्ति विद्युत उपभोग - ३५०० किलोवाट
19. पन्ध्रौं योजनाको शुरूमा पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) कति रहेको थियो?
    A) ३९ B) ३४ C) २९ D) २४
20. 'समृद्ध नेपाल सुखी नेपाली' को दीर्घकालीन सोंच हासिल गर्ने आधार योजनाका रूपमा कुन आवधिक योजनालाई लिइएको छ?
    A) पहिलो B) आठौं C) दशौं D) पन्ध्रौं
21. इन्टरपोलको सन् २०२२ को प्रतिवेदनअनुसार एशियाका तीन ठूला अपराध कुन-कुन हुन्?
    A) मानव तस्करी, आर्थिक ठगी र साइबर अपराध
    B) वन्यजन्तु तस्करी, आर्थिक अपराध र लागूऔषध
    C) अवैध व्यापार, मानव तस्करी र लागूऔषध
    D) साइबर अपराध, आर्थिक ठगी र लागूऔषध
22. नेपालको इतिहासमा पहिलो पटक मुख्यमन्त्रीहरूको भेला कहिले र कहाँ भएको थियो?
    A) भाद्र १५, २०७५, पोखरा B) भाद्र २१, २०७५, पोखरा
    C) भाद्र ३१, २०७५ हेटौंडा D) असोज ३, २०७५ हेटौंडा
23. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसंख्या बृद्धिदर कति प्रतिशत रहेको छ?
    A) ०.९० B) ०.९१ C) ०.९२ D) ०.९४
24. विदेशमा सम्पर्क कार्यालय खोल्ने नेपालको पहिलो बैंक कुन हो?
    A) ग्लोबल आई.एम.ई. बैंक B) प्रभु बैंक
    C) हिमालयन बैंक D) नबील बैंक
25. संयुक्त राष्ट्रसंघले अफिसियलरूपमा मान्यता दिएको पछिल्लो भाषा कुन हो?
    A) रूसी B) स्पेनिस C) चीनिया D) अरबी

5+8+11+14+17+20
+23+26+29+32

क्रमशः

C-3, प्रशासन, पाँचौ, सहायक "क"

विषयगत ७५ अङ्क

खण्ड "ख" २५ अङ्क

१. तल दिइएको तथ्यांकको स्तरीय भिन्नता (Standard Deviation) र विचरणशीलताको गुणांक (Coefficient of Variation) पत्ता लगाउनुहोस् । ५

| प्राप्तांक | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 | 50-60 |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | 4 | 6 | 10 | 20 | 6 | 4 |

२. एउटा अनुक्रम (Sequence) को साधारण पद (General Term) $t_n=3n+2$ हो भने: २+१+२=५

क) पहिलो तीन वटा पदहरू पत्ता लगाउनुहोस् ।

ख) सो अनुक्रम अंकगणितीय हो कि ज्यामितीय हो? कारणसहित स्पष्ट पार्नुहोस् ।

ग) सो अनुक्रमको पहिलो १० वटा पदहरूको योगफल (Sum) कति होला?

३. एउटा त्रिभुजका भुजाहरूका लम्बाईहरू ३:४:५ को अनुपातमा छन् र क्षेत्रफल २४ $cm^3$ छ भने त्रिभुजको परिमिती (Perimeter) कति होला? सो त्रिभुज समकोणी त्रिभुज हो कि होइन? कारणसहित प्रष्ट पार्नुहोस् । ४+१=५

४. साँवा रू. २५,००० केही वर्षपछि चक्रिय मिश्रधनको रूपमा रू. २९,१६० हुन पुग्दछ । यदि वार्षिक चक्रिय ब्याजको दर ८ प्रतिशत छ भने उक्त चक्रिय प्रणालीको समय गणना गर्नुहोस् । साथै, सोही समयमा कति साधारण ब्याज जम्मा हुन्छ? पत्ता लगाउनुहोस् । ४+१=५

५. A, B र C ले कुनै काम क्रमशः ६०, ८० र १२० दिनमा पूरा गर्न सक्छन् । तीनैजना मिली काम शुरू गरे तर B ले २० दिनपछि र A ले काम सकिनुभन्दा ६ दिन अघि काम छोड्यो । यदि बाँकी काम C ले पूरा गर्दछ भने सो काम कति दिनमा समाप्त भयो होला? ५

खण्ड "ग" ५० अङ्क

६. कार्यालय वातावरणको परिचय दिंदै कार्यालयको कार्य वातावरणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? सुझाव दिनुहोस् । २+३=५

७. कार्यालयमा अभिलेख वर्गीकरण गर्ने आधारहरूबारे सविस्तार उल्लेख गर्नुहोस् । ५

८. सार्वजनिक वडापत्र भन्नाले के बुझिन्छ? यसमा समावेश गरिने विषयहरूको बारेमा जानकारी दिनुहोस् । २+३=५

९. लेखाको आधारभूत अवधारणामध्ये निरन्तरताको अवधारणा (Going Concern Concept) र दोहोरो पक्षको अवधारणा (Dual Aspect Concept) का बारेमा उदाहरणसहित लेख्नुहोस् । २.५+२.५=५

१०. सन्तुलन परीक्षण भनेको के हो? राष्ट्रिय बीमा संस्थानको पछिल्लो आर्थिक वर्षको सन्तुलन परीक्षणको अवस्था कस्तो छ? चर्चा गर्नुहोस् । १.५+३.५=५

११. आन्तरिक नियन्त्रणको बारेमा जानकारी दिंदै संगठनमा आन्तरिक नियन्त्रण प्रणाली किन आवश्यक पर्दछ? स्पष्ट पार्नुहोस् । २+३=५

१२. प्रत्यक्ष कर र अप्रत्यक्ष करबीचको फरक छुट्याउँदै करका सिद्धान्तहरू उल्लेख गर्नुहोस् । २.५+२.५=५

१३. वित्तीय संघीयता भन्नाले के बुझिन्छ? यसका मुख्य अवयवहरू के-के हुन्? उल्लेख गर्नुहोस् । २+३=५

१४. सार्वजनिक संस्थानको अवधारणा किन ल्याइएको हो? सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० को आधारमा नेपालका सार्वजनिक संस्थानहरूको वर्तमान अवस्था र सुधार गर्न ध्यान दिनुपर्ने विषयहरूबारे चर्चा गर्नुहोस् । २+४+४=१०

:: समाप्त ::

CamScanner

# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, प्रशासन, पाँचौ, सहायक "क" पदको आन्तरिक प्रतियोगितात्मक
## लिखित परीक्षा
२०८०।०३।२२

पत्र : द्वितीय
समय : ३ घण्टा
पूर्णाङ्क : १००

### विषय : सेवा सम्बन्धी

| प्रत्येक **खण्डको** उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** — ६० अङ्क

१. लघु बीमाको परिचय दिई यस्तो किसिमको बीमाको महत्वबारे उल्लेख गर्नुहोस् । ५

२. नेपालमा बीमा व्यवसाय सञ्चालनका लागि के-कस्ता कानूनी व्यवस्थाहरू रहेका छन्? उल्लेख गर्नुहोस् । ५

३. Actuarial Valuation भनेको के हो? बीमा बजारमा यसको किन महत्व छ? लेख्नुहोस् । २+३=५

४. जीवन बीमा करारमा प्रिमियम निर्धारण एवं Beneficiary को भूमिकाबारे संक्षिप्त चर्चा गर्नुहोस् । ५

५. बीमाका आधारभूत सिद्धान्तहरू के-के हुन्? एउटा यस्तो सिद्धान्त जसले जीवन बीमालाई विशिष्ट बनाउँछ, त्यसबारेमा सविस्तार उल्लेख गर्नुहोस् । ५+५=१०

६. बीमा व्यवसायमा जोखिम व्यवस्थापन (Risk Management) भन्नाले के बुझिन्छ? संगठित संस्थाहरूले बीमा, करार लगायतका उपकरणहरूको माध्यमबाट कसरी बाह्य पक्षलाई जोखिम स्थानान्तरण (Risk-Transfer) गर्दछन्? चर्चा गर्नुहोस् । ४+६=१०

७. जीवन बीमामा बीमालेख समर्पण (Policy Surrender) को संख्या बढ्नुका कारणहरू के-के हुन्? Surrender बढ्नुमा बीमा अभिकर्ताको कस्तो भूमिका हुन्छ र बीमा कम्पनीले उक्त समस्या समाधानको लागि कस्तो उपाय अवलम्बन गर्नुपर्दछ? चर्चा गर्नुहोस् । ३+३+४=१०

८. नेपालमा बीमा व्यवसाय बजारमा देखिएका समस्या र त्यसको समाधान गर्ने माध्यम एवं उपायहरू उल्लेख गर्नुहोस् । ५+५=१०

**खण्ड "ख"** — ४० अङ्क

९. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्रशासनिक कार्य सञ्चालनका आधारहरू के-के हुन्? लेख्नुहोस् । ५

१०. हायर पर्चेज करार भन्नाले कस्तो करारलाई बुझाउँछ? हायर पर्चेज करारमा के-कस्ता कुराहरू उल्लेख गर्नुपर्दछ? उल्लेख गर्नुहोस् । १+४=५

११. नेपालको संविधानबमोजिम नागरिकका कर्तव्यहरू के-के हुन्? उल्लेख गर्नुहोस् । ४८ ५

१२. भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम के-कस्ता कसूरलाई भ्रष्टाचारजन्य कसूरका रूपमा उल्लेख गरिएको छ? लेख्नुहोस् । ५

१३. नेपालको संवैधानिक विकासक्रमबारे चर्चा गर्दै नेपालको संविधानमा अनुसार गैर आवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने प्रावधानका सम्बन्धमा उल्लेख गर्नुहोस् । ५+५=१०

१४. नेपाल बीमा प्राधिकरणको काम, कर्तव्य र अधिकार उल्लेख गर्दै बीमकको सञ्चालक समिति गठन विधि उल्लेख गर्नुहोस् । ५+५=१०

:: समाप्त ::

CamScanner